स्वीकृत मिति-२०८१/०४/०४

# सुरक्षित कर्जाको क्षतिपूर्ति दाबी भुक्तानी विनियमावली, २०८१

सदस्य संस्थाको सुरक्षणमा रहेको कर्जाको क्षतिपूर्ति दाबी परी भुक्तानी गर्दा अनुसरण गर्नु पर्ने काम कारबाहीलाई पारदर्शी, सरल र स्पष्ट बनाउन वाञ्छनीय भएकोले,

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ६६ को उपदफा (२) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी निक्षेप तथा कर्जा सुरक्षण कोषको सञ्चालक समितिले यो विनियमावली बनाएको छ।

## परिच्छेद– १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस विनियमावलीको नाम "सुरक्षित कर्जाको क्षतिपूर्ति दाबी भुक्तानी विनियमावली, २०८१" रहेको छ।

(२) यो विनियमावली निक्षेप तथा कर्जा सुरक्षण कोषको सञ्चालक समितिबाट स्वीकृति भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,–

(क) "अधिकारप्राप्त अधिकारी" भन्नाले प्रमुख कार्यकारी अधिकृत वा निजले क्षतिपूर्ति दाबी भुक्तानी रकम स्वीकृत वा अस्वीकृत गर्न सक्ने गरी समय समयमा अख्तियारी प्रदान गरेको कोषको नायव प्रमुख कार्यकारी अधिकृत, विभागीय प्रमुख वा शाखा प्रमुख सम्झनु पर्छ।

(ख) "ऋणी" भन्नाले सदस्य संस्थाबाट कर्जा प्राप्त गर्ने व्यक्ति सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ सम्झनु पर्छ।

(घ) "कर्जा" भन्नाले लघुवित्त तथा विपन्न वर्ग, साना तथा मझौला उद्यम वा कृषि कार्यक्रम अन्तर्गत नेपाल सरकारले तोकेको क्षेत्रमा सदस्य संस्थाले प्रवाह गरेको कर्जा सम्झनु पर्छ र सो शब्दले नियमावलीको नियम ३५ बमोजिम कोष समक्ष सुरक्षण हुने अन्य कर्जालाई समेत जनाउँछ।

(ङ) "कर्मचारी" भन्नाले कोषको सेवामा रहेको अख्तियारप्राप्त कर्मचारी सम्झनु पर्छ।

(च) "कार्यालय" भन्नाले कोषको केन्द्रीय कार्यालय र सो मातहतको विभाग वा शाखा कार्यालय सम्झनु पर्छ।

(छ) "कोष" भन्नाले कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम स्थापित निक्षेप तथा कर्जा सुरक्षण कोष सम्झनु पर्छ।

(ज) "क्षतिपूर्ति दाबी भुक्तानी" भन्नाले सदस्य संस्थाले सुरक्षण गरेको कर्जा कुनै कारणले असुल उपर नभई कोष समक्ष नियमावलीको नियम ४२ बमोजिमको क्षतिपूर्ति दाबीको कोषले नियमावलीको नियम ४३ बमोजिम सदस्य संस्थालाई रकम भुक्तानी दिने प्रक्रिया सम्झनु पर्छ।

(झ) "धितो" भन्नाले सदस्य संस्थाबाट प्रवाह गरिने कर्जाको सुरक्षणको रुपमा रहेको चल वा अचल सम्पत्ति, परियोजना, व्यापारिक मौज्दात तथा सदस्य संस्थालाई मान्य हुने अन्य धितो, जमानत वा सुरक्षण सम्झनु पर्छ र सो शब्दले कर्जाको सुरक्षणको रुपमा रहेको अन्य कुनै मूर्त वा अमूर्त सम्पत्ति, धितो जमानी, व्यक्तिगत जमानी तथा सामूहिक जमानीलाई समेत जनाउँछ।

(ञ) "नियमावली" भन्नाले कर्जा सुरक्षण नियमावली, २०७५ सम्झनु पर्छ।

(ट) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले कोषको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ र सो शब्दले त्यस्तो पदमा रही कामकाज गर्ने अन्य पदाधिकारीलाई समेत जनाउँछ।

(ठ) "राष्ट्र बैङ्क" भन्नाले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम स्थापित नेपाल राष्ट्र बैङ्क सम्झनु पर्छ।

(ड) "विभागीय प्रमुख" भन्नाले कोषको कर्जा सुरक्षण विभागको विभागीय प्रमुख सम्झनु पर्छ र सो शब्दले त्यस्तो पदमा रही कामकाज गर्ने अन्य कर्मचारीलाई समेत जनाउँछ।

(ढ) "सदस्य संस्था" भन्नाले कोषसँग सम्झौता गर्ने इजाजतप्राप्त बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्था वा वित्तीय मध्यस्थ गर्ने संस्था सम्झनु पर्छ।

(ण) "समिति" भन्नाले कोषको सञ्चालक समिति सम्झनु पर्छ।

## परिच्छेद — २

## क्षतिपूर्ति दाबी भुक्तानीको प्रक्रिया

३. **क्षतिपूर्ति दाबी भुक्तानीको लागि निवेदन दिनु पर्ने:** (१) सदस्य संस्थाले कोषमा सुरक्षित कर्जाको क्षतिपूर्ति दाबी भुक्तानीको लागि माग गर्दा नियमावलीको नियम ४२ बमोजिम कर्जाको अन्तिम भुक्तानी मितिले दुई वर्षभित्र नियमावलीको अनुसूची १४ बमोजिमको ढाँचामा कोष समक्ष निवेदन दिनु पर्नेछ।

तर, पुनर्संरचना वा पुनर्तालिकीकरण गरी भुक्तानी अवधि थप भएको कर्जाको हकमा अवधि थप भएपछि कायम भएको अन्तिम भुक्तानी मितिले दुई वर्षभित्रमा कोष समक्ष दाबीको निवेदन दिन बाधा पर्ने छैन।

(२) सदस्य संस्थाले उपविनियम (१) बमोजिम कर्जाको क्षतिपूर्ति दाबी भुक्तानी माग गर्दा विनियम ११ बमोजिम कर्जाको बाँकी साँवा र व्याज गणना गरी माग गर्नु पर्नेछ।

(३) उपविनियम (१) बमोजिमको निवेदन साथ देहाय बमोजिमका कागजात संलग्न गर्नु पर्नेछः-

(क) अनुसूची-१ वा अनुसूची-२ बमोजिमका कागजात,

(ख) अनुसूची-३ वा अनुसूची-४ बमोजिमको स्वःघोषणा तथा प्रतिबद्धता,

(ग) अनुसूची-५ र नियमावलीको अनुसूची-१५ बमोजिमको दाबी कर्जाको विवरण,

(घ) सदस्य संस्थाको अद्यावधिक कर्जा लगानी तथा असुली सम्बन्धी विनियमावली वा नीति।

तर, कोष समक्ष पेश भएको सदस्य संस्थाको कर्जा लगानी तथा असुली सम्बन्धी विनियमावली वा नीतिमा कुनै संशोधन भएको अवस्थामा बाहेक प्रत्येक दाबी निवेदनमा पेश गरिरहनु पर्ने छैन।

४. **<u>क्षतिपूर्ति दाबीको निवेदन दर्ता</u>:** (१) कोषको विभागीय प्रमुख वा शाखा प्रमुख ले तोकेको कर्मचारीले सदस्य संस्थाबाट प्राप्त दाबी निवेदन र सोसाथ संलग्न कागजात तथा विवरण यस विनियमावली बमोजिम रहे वा नरहेको यकीन गरी त्यस्तो निवेदनलाई कार्यालयको दर्ता किताबमा अभिलेख जनाउनु पर्नेछ। निवेदन साथ संलग्न विवरण तथा कागजात अपुग वा अपूर्ण भएको देखिएमा त्यस्तो विवरण तथा कागजात पेश गर्न सम्बन्धित सदस्य संस्थालाई निवेदन प्राप्त मितिले बढीमा सात कार्यदिनभित्र सूचित गर्नु पर्नेछ।

(२) कोषको कर्मचारीले माग गरेको अपूर्ण र थप विवरण तथा कागजात सदस्य संस्थाले बढीमा सात कार्यदिनभित्र उपलब्ध गराउनु पर्नेछ।

५. **<u>टिप्पणी प्रतिवेदन तथा स्वीकृति</u>:** (१) कोषले तोकेको कर्मचारीले सदस्य संस्थाले पेश गरेको दाबी निवेदन लगायत विवरण तथा कागजातको अध्ययन गरी दाबी भुक्तानीको लागि मनासिब देखेमा अनुसूची-६ बमोजिमको ढाँचामा दाबी साँवा व्याजको परीक्षण विवरण र अनुसूची-७ बमोजिमको ढाँचामा दाबी हिसाब भुक्तानी विवरण सहित अनुसूची-८ बमोजिमको ढाँचाको टिप्पणी प्रतिवेदन तयार गरी पुनरावलोकन वा रुजु गर्न कोषले जिम्मेवारी तोकेको अधिकारी समक्ष बढीमा पन्ध्र कार्यदिनभित्र पेश गर्नु पर्नेछ।

(२) पुनरावलोकन वा रुजु गर्न जिम्मेवारी तोकेको अधिकारीले उपविनियम (१) बमोजिम आफू समक्ष पेश हुन आएको टिप्पणी प्रतिवेदन सहितको दाबी भुक्तानी विवरण लगायतका कागजातको आवश्यक जाँचबुझ गरी आफ्नो राय सहित निर्णयको लागि अख्तियारप्राप्त अधिकारी समक्ष बढीमा दश कार्यदिनभित्र पेश गर्नु पर्नेछ।

(३) अख्तियारप्राप्त अधिकारीले आफू समक्ष पेश हुन आएको टिप्पणी प्रतिवेदन सहितको दाबी भुक्तानी विवरण लगायतका कागजातको आवश्यक जाँचबुझ गरी बढीमा पाँच कार्यदिनभित्र स्वीकृति वा अस्वीकृतिको निर्णय गर्नु पर्नेछ।

(४) पुनरावलोकन वा रुजु गर्ने जिम्मेवारी तोक्दा कार्यबोझ तथा दाबी रकमको आधारमा एक वा एकभन्दा बढी उपल्लो तहबाट पुनरावलोकन वा रुजु हुने गरी तोक्न सकिनेछ। त्यसरी एकभन्दा बढी तहबाट पुनरावलोकन वा रुजु गर्ने गरी जिम्मेवारी तोकिएको अवस्थामा दुई तह भए पहिलो पुनरावलोकन वा रुजु छ कार्यदिनभित्र र दोस्रो पुनरावलोकन वा रुजु चार कार्यदिनभित्र सम्पन्न गर्नु पर्नेछ। दुई तहभन्दा बढी तहबाट रुजु हुने भए पहिलो पुनरावलोकन वा रुजु छ कार्यदिनभित्र, दोस्रो पुनरावलोकन वा रुजु दुई कार्यदिनभित्र र तेस्रो पुनरावलोकन वा रुजु दुई कार्यदिनभित्र सम्पन्न गर्नु पर्नेछ।

(५) अधिकारप्राप्त अधिकारीले क्षतिपूर्ति दाबी भुक्तानी अस्वीकृत गर्दा सोको कारण समेत उल्लेख गर्नु पर्नेछ।

६. **दोस्रो किस्ता दाबी:** (१) सदस्य संस्थाले अनुसूची-९ बमोजिमको ढाँचामा दोस्रो किस्ता दाबी निवेदन साथ देहाय बमोजिमको कागजात संलग्न गर्नु पर्नेछः-

(क) अनुसूची-१० र ११ बमोजिमका विवरण, कागजात तथा स्वःघोषणा र प्रतिबद्धता,

(ख) ऋणी तथा जमानतकर्तालाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखेको देखिने कागजातको प्रमाणित प्रतिलिपि वा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्तालाई कालोसूचीमा समावेश गर्नु नपर्ने कुनै खास अवस्था वा कारण भए सो सम्बन्धमा सदस्य संस्थाको आन्तरिक लेखापरीक्षकको प्रमाणीकरण पत्र।

(ग) बाह्य लेखापरीक्षकले प्रमाणित गरिदिएको अनुसूची-१२ बमोजिमको विवरण।

(२) उपविनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँच गरी अनुसूची-१३ बमोजिमको भुक्तानी विवरण तयार गरी विनियम ५ बमोजिमको समय सीमाभित्र भुक्तानी स्वीकृत वा अस्वीकृत गर्नु पर्नेछ।

७. **सहुलियतपूर्ण कर्जाको दाबी भुक्तानीको लागि पेश गर्नुपर्ने कागजात:** (१) नेपाल सरकारको सहुलियतपूर्ण कर्जा सम्बन्धमा क्षतिपूर्ति दाबीको लागि यस विनियमावलीका व्यवस्था सहित सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ को दफा २२ बमोजिमको कारबाही प्रक्रिया गरेको पुष्टि हुने देहायका कागजात पेश गर्नु पर्नेछः-

(क) ऋणीलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखेको देखिने कागजातको प्रमाणित प्रतिलिपि,

(ख) ऋणीको राहदानी रोक्का राख्न, ऋणीको नाममा रहेको कुनै चल अचल सम्पत्ति बिक्री गर्न बन्देज लगाउन, ऋणीको बैङ्क तथा वित्तीय संस्थामा रहेको खाता रोक्का गर्न, ऋणीलाई नेपाल सरकारबाट उपलब्ध गराउने सामाजिक सुरक्षा भत्ता लगायतका अन्य नागरिक सुविधाबाट बञ्चित गर्न आवश्यक व्यवस्थाको लागि बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (१३) बमोजिम राष्ट्र बैङ्क समक्ष अनुरोध गरी लेखिएको र राष्ट्र बैङ्कले बुझिलिएको व्यहोरा खुल्ने पत्रको प्रमाणित प्रतिलिपि।

८. **सूचना प्रणाली मार्फत कार्य गर्न सकिने:** (१) सदस्य संस्थासँगको क्षतिपूर्ति दाबी भुक्तानी सम्बन्धी कार्य तथा प्रक्रियालाई सरल, सहज र प्रविधिमैत्री बनाउन कोषले यस विनियमावली बमोजिम गरिने कुनै पनि काम कारबाही कोषको सूचना प्रविधि प्रणाली मार्फत विद्युतीय रुपमा गर्न सक्नेछ। सो प्रयोजनको लागि सदस्य संस्थाले कोष समक्ष पेश गर्नु पर्ने र कोषले सदस्य संस्थालाई उपलब्ध गराउने कुनै पनि तथ्याङ्क, विवरण तथा कागजात विद्युतीय माध्यमबाट संप्रेषण गर्न सकिनेछ।

(२) उपविनियम (१) बमोजिम सूचना प्रविधि प्रणाली मार्फत तथ्याङ्क, विवरण तथा कागजात कोष र सदस्य संस्था बीच आदानप्रदान गर्न आवश्यक प्राविधिक पूर्वाधार कोषको प्रणालीको हकमा कोषले र सदस्य संस्थाको प्रणालीको हकमा सदस्य संस्था स्वयंले व्यवस्था गर्नु पर्नेछ।

(३) कोष र सदस्य संस्था बीच सूचना प्रविधि प्रणाली मार्फत आदानप्रदान हुने तथ्याङ्क, विवरण तथा कागजातलाई आधिकारिक र प्रामाणिक मानिनेछ। त्यस्तो तथ्याङ्क, विवरण तथा कागजातको सम्बन्धमा थप प्रमाणीकरण गर्न आवश्यक पर्ने छैन।

९. **क्षतिपूर्ति दाबी भुक्तानीको निवेदन अस्वीकृत गर्दा यकीन गर्नु पर्ने विषय:** (१) नियमावलीको नियम ४४ को प्रयोजनको लागि दाबी अस्वीकृत हुने अवस्थाको यकीन गर्दा देहायका विषय यकीन गर्नुपर्नेछ।

(क) कर्जा लगानीसँग सम्बन्धित प्रचलित कानून, राष्ट्र बैङ्कको निर्देशन, सदस्य संस्थाको कर्जा लगानी तथा असुली विनियमावली वा नीतिमा भएका व्यवस्थाको पालना भए वा नभएको।

(ख) कोषले दाबी भुक्तानी दिई असुली फिर्ता बाँकी रहेको ऋणी वा सदस्य संस्थाले कोष समक्ष पेश गरेको नियमित विवरणमा भुक्तानी म्याद नाघेका ऋणीलाई थप कर्जा प्रवाह भए वा नभएको।

(ग) कर्जा लगानी मितिदेखि क्षतिपूर्ति दाबी मितिसम्म बुझाउनु पर्ने सुरक्षण शुल्क नियमित रुपमा बुझाए वा नबुझएको।

(घ) चल अचल सम्पत्ति धितो भएको कर्जाको हकमा धितो लिलाम बिक्रीका लागि प्रकाशित सूचना र लिलामी मुचुल्का वा धितो सम्पत्ति हराएको, मासिएको वा हिनामिना भएको पुष्टि हुने कागजात दाबी भुक्तानीको निवेदन साथ रहे वा नरहेको।

(ङ) नियमावलीको नियम ४५ बमोजिम कर्जाको अन्तिम भुक्तानी मिति अगावै दाबी गर्ने अवस्थामा र रिभल्भिङ्ग प्रकृतिको कर्जा बाहेकका कर्जाको हकमा कर्जाको अन्तिम भुक्तानी मितिसम्ममा साँवा र व्याज समेत गरी कर्जा लगानी रकमको कम्तीमा पच्चीस प्रतिशत कर्जा असुली भए वा नभएको।

(च) रिभल्भिङ्ग प्रकृतिको कर्जाको हकमा कर्जाको अन्तिम भुक्तानी मितिसम्ममा असुल भएको साँवा र व्याज वा लोन स्टेटमेन्टको जम्मा क्रेडिट रकम र व्याज समेत गरी कर्जा लगानी रकमको कम्तीमा पच्चीस प्रतिशत भए वा नभएको।

(छ) कर्जाको प्रयोजन नियमावलीको अनुसूची-११, १२, १३, १५ र लोन स्टेटमेन्टमा उल्लिखित व्यवसाय, क्षेत्र तथा प्रयोजनभन्दा फरक भए वा नभएको।

(ज) कर्जा असुली प्रयोजनका लागि थप कर्जा प्रवाह भए वा नभएको वा खराब वर्गमा रहेको कर्जालाई चुक्ता गर्ने मनसायले सोही ऋणीलाई नयाँ कर्जा प्रवाह गरे वा नगरेको।

(झ) दाबी माग भएको कर्जा सदस्य संस्थाबाट ऋणीको खातामा जम्मा भए वा नभएको।

(ञ) ऋणीले स्वैच्छिक रुपमा अग्रिम भुक्तानी गरेको अवस्थामा बाहेक कर्जाको साँवा, व्याज वा किस्ता असुली गर्दा भुक्तानी तालिकामा उल्लिखित मिति वा सोभन्दा अगाडि असुल गरे वा नगरेको।

(ट) ऋणीको खातामा असुली जनाइएको रकम ऋणीकै स्रोतबाट वा ऋणीको नामको बैङ्क खाताबाट जम्मा वा रकमान्तर भए वा नभएको।

(ठ) ऋणीको मृत्यु भएको अवस्थामा ऋणी तथा सम्बद्ध पक्षलाई कालो सूचीमा नराखेको भए मृत्यु भएको पुष्टी हुने कागजात संलग्न रहे वा नरहेको।

(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्जाको अन्तिम भुक्तानी अगावै ऋणीको मृत्यु वा प्राकृतिक प्रकोप परी परियोजना नष्ट भई कर्जा खराब भई दाबी भएको अवस्थामा कर्जा लगानी रकमको कम्तीमा पच्चीस प्रतिशत कर्जा असुली भए वा नभएको यकीन गर्नु पर्ने छैन।

(३) कर्जाको अन्तिम भुक्तानी मितिसम्ममा पच्चीस प्रतिशत कर्जा असुली नभएको ऋणीको अन्य बचत खातामा ऋणको अन्तिम भुक्तानी मितिमा मौज्दात रहेको भए त्यस्तो मौज्दात रकम समेतलाई जोडी हुने कुल रकमको आधारमा पच्चीस प्रतिशत असुली भए वा नभएको यकीन गरिनेछ।

तर, सहुलियतपूर्ण कर्जा लिएको ऋणीको मृत्यु भएमा वा प्राकृतिक प्रकोपमा परी परियोजना नष्ट भएमा नियमावली तथा यस विनियमावली बमोजिम अन्तिम भुक्तानी मिति पूरा भए वा नभएको यकीन गर्नु पर्ने छैन।

१०. **कर्जाको स्थलगत निरीक्षण वा परीक्षण गर्न सकिने:** अख्तियारप्राप्त अधिकारीले आवश्यक ठानेमा क्षतिपूर्ति दाबी भुक्तानीको लागि कोष समक्ष पेश भएको निवेदन साथ संलग्न कागजातको सत्यता यकीन गर्न र प्रचलित कानून बमोजम कर्जा लगानी भए वा नभएको यकीन गर्न कोषले समय समयमा स्थलगत निरीक्षण गर्न वा आवश्यक विवरण तथा कागजात माग गरी परीक्षण गर्न सक्नेछ। त्यसरी कोषको सम्बन्धित कर्मचारीबाट गरिएको अनुगमन, निरीक्षण वा परीक्षणको प्रतिवेदन त्रैमासिक रुपमा विभागीय प्रमुखले नायब प्रमुख कार्यकारी अधिकृतमार्फत प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गर्नु पर्नेछ।

११. **क्षतिपूर्ति दाबी भुक्तानी रकमको गणना:** सदस्य संस्थाले क्षतिपूर्ति दाबी भुक्तानी रकमको गणना गर्दा देहाय बमोजिमको गणना विधि अपनाउनु पर्नेछः-

(क) दाबी मितिमा बाँकी रहेको साँवा रकम।

तर, सुरक्षण शुल्क भुक्तानी गर्दा वास्तविक साँवा रकम भन्दा कम रकममा शुल्क गणना गरी भुक्तानी गरेको पाइएमा दावीयोग्य रकममा सुरक्षण शुल्क नबुझाए सम्मको साँवा रकम कट्टी गरिनेछ।

(ख) अन्तिम भुक्तानी मितिसम्मको बाँकी व्याज रकम। त्यसरी बाँकी व्याजको गणना गर्दा अन्तिम भुक्तानी मितिमा सदस्य संस्थाको सम्बन्धित कर्जामा कायम व्याजदरको आधारमा गणना गर्नु पर्नेछ। बाँकी व्याज गणना गर्दा सम्बन्धित कर्जाको अन्तिम पटक साँवा भुक्तानी भएको मितिलाई शुरु मिति मान्नु पर्नेछ। साँवा भुक्तानी नभएको अवस्थामा कर्जा लगानी मितिलाई व्याज गणना प्रयोजनका लागि शुरु मिति मान्नु पर्नेछ। त्यसरी गरिएको गणनाबाट कायम हुने व्याज रकममा अन्तिम पटक साँवा भुक्तानी भएको मिति पश्चात असुली भएको व्याज रकम कट्टी गर्नु पर्नेछ।

(ग) अन्तिम भुक्तानी मिति अगावैको दाबीमा दाबी हिसाबमा सारेको मितिसम्मको बाँकी व्याज रकम। त्यसरी बाँकी व्याजको गणना गर्दा दाबी हिसाबमा सारेको मितिमा सदस्य संस्थाको सम्बन्धित कर्जामा कायम व्याजदरको आधारमा गणना गर्नु पर्नेछ।

(घ) कर्जाको पुनर्तालिकीकरण वा पुनर्संरचनाको फलस्वरुप अन्तिम भुक्तानी मिति परिवर्तन भएको अवस्थामा व्याज गणना प्रयोजनका लागि पछिल्लो पटक कायम अन्तिम भुक्तानी मितिलाई मान्न सकिनेछ।

(ङ) दाबीको रकम गणना भुक्तानी गर्दा कर्जाको अन्तिम भुक्तानी मिति पश्चात असुल भएका व्याज, हर्जना लगायतका सम्पूर्ण रकम कट्टी गरी गणना गर्नु पर्नेछ।

(च) रिभल्भिङ्ग प्रकृतिको कर्जाको हकमा कोषले क्षतिपूर्ति दाबी भुक्तानी गर्दा अन्तिम पटक प्राप्त सुरक्षण शुल्कसम्मको कर्जाको बाँकी साँवा र व्याज रकमभन्दा बढी नहुने गरी गर्नुपर्नेछ। अन्तिम भुक्तानी मितिमा बाँकी व्याज अन्तिम पटक प्राप्त सुरक्षण शुल्कसम्मको व्याजभन्दा कम भएमा सोही कम रकमलाई बक्यौता व्याजमा गणना गर्नुपर्नेछ।

**१२. <u>म्याद अगावै क्षतिपूर्ति दाबी भुक्तानीमा यकीन गर्नु पर्ने विषयः</u>** (१) नियमावलीको नियम ४५ बमोजिम सदस्य संस्थाले कर्जाको अन्तिम भुक्तानी म्याद अगावै कर्जाको बाँकी साँवा र ब्याज कोषसँग दाबी गर्न सक्ने अवस्थामा अन्य कुराका अतिरिक्त देहायका विषय समेत यकीन गर्नुपर्नेछ-

(क) प्राकृतिक प्रकोप परेको तथ्य सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा स्थानीय तहबाट प्रमाणित भए वा नभएको।

(ख) ऋणीको मृत्यु भएको अवस्थामा मृत्यु दर्ता प्रमाणपत्र पेश भए वा नभएको।

(ग) निर्यात कर्जाको हकमा कच्चा पदार्थ आयात गर्दा वा तयारी वस्तु निर्यात गर्दा त्यस्तो वस्तु ढुवानी गर्ने सवारी साधन दुर्घटनामा परेको भन्ने प्रहरी प्रतिवेदन पेश भए वा नभएको।

(घ) धितो लिई लगानी गरेको कर्जाको हकमा ऋणीको किस्ता रकम भुक्तानी म्याद छ महिनाभन्दा बढी भएको लोन स्टेटमेन्ट र कर्जा भुक्तानी तालिकामा देखिए वा नदेखिएको। त्यस्तो कर्जा दुरुपयोग भएको भनी सदस्य संस्थाबाट प्राप्त कर्जा निरीक्षण प्रतिवेदनमा उल्लेख भए वा नभएको।

(ङ) चल अचल सम्पत्ति धितो भएको कर्जाको हकमा धितो लिलाम बिक्रीका लागि प्रकाशित सूचना र लिलामी मुचुल्का वा धितो सम्पत्ति हराएको, मासिएको वा हिनामिना भएको पुष्टि हुने कागजात दाबी निवेदनसाथ रहे वा नरहेको।

**१३. <u>कोष समक्ष पुनः दाबी गर्न सक्नेः</u>** (१) कोषबाट विनियम ५ र नियमावलीको नियम ४४ को उपनियम (३) बमोजिम दाबी अस्वीकृत भएको जानकारी पाएको मितिले पैतीस दिनभित्र

सदस्य संस्थाले त्यसरी आफ्नो दाबी अस्वीकृत हुनु नपर्ने मनासिब कारण खुल्ने कागजात सहित अनुसूची-१४ बमोजिमको ढाँचामा कोष समक्ष पुनः दाबीको निवेदन दिन सक्नेछ।

**(२)** उपविनियम (१) बमोजिमको पुनः दाबीको निवेदनको सम्बन्धमा समेत विनियम ५ मा निर्धारित प्रक्रिया तथा समय सीमा लागू हुनेछ।

## परिच्छेद— ३

## क्षतिपूर्ति दाबी भुक्तानी दिएको कर्जाको अभिलेख, अनुगमन र असुली सम्बन्धी व्यवस्था

**१४. अभिलेख राख्नु पर्नेः** (१) कोषको सम्बन्धित विभाग वा शाखा कार्यालयले सदस्य संस्थालाई क्षतिपूर्ति दावी भुक्तानी दिएको कर्जाको नियमावलीको अनुसूची २० बमोजिमको ढाँचामा विवरण र अन्य कागजातको सुरक्षित अभिलेख विभाग वा शाखा कार्यालय स्वयले नै राख्नु पर्नेछ।

(२) सदस्य संस्थाले दाबी भुक्तानी प्राप्त भएको कर्जा र सोको असुलीसँग सम्बन्धित अभिलेखमा कोषको पहुँच स्थापित गर्न आवश्यक सूचना प्रणालीको व्यवस्था मिलाउनु पर्नेछ।

**१५. ताकेता, पत्राचार र अनुगमन गर्न सक्नेः** कोषबाट क्षतिपूर्ति दाबी भुक्तानी भएका कर्जाको असुलीको सम्बन्धमा कोषले समय समयमा ताकेता, पत्राचार, स्थलगत तथा गैरस्थलगत अनुगमन गर्न सक्नेछ।

**१६. क्षतिपूर्ति दाबी भुक्तानी रकम कोषलाई फिर्ता गर्नु पर्नेः** (१) यस विनियमावली र नियमावलीको नियम ४३ बमोजिम कोषबाट क्षतिपूर्ति दाबी भुक्तानी प्राप्त भएको कर्जामध्ये आंशिक वा सम्पूर्ण कर्जा असुल उपर भएमा सम्बन्धित सदस्य संस्थाले कोषलाई फिर्ता गर्नु पर्नेछ।

(२) सदस्य संस्थाले दाबी भुक्तानी प्राप्त गरे पश्चात असुल उपर भएको रकम कोषलाई फिर्ता नगरेसम्म त्यस्तो सदस्य संस्थाको थप दाबी भुक्तानी सम्बन्धी कारबाही प्रक्रिया अगाडि बढाइने छैन।

## परिच्छेद— ४

## विविध

**१७. गोपनीयताः** कोषबाट क्षतिपूर्ति दाबी भुक्तानी प्राप्त भएको कर्जाको सम्बन्धमा भए गरेका काम कारबाहीको विवरण गोप्य राख्नुपर्नेछ र त्यस्तो विवरण प्रचलित कानून बमोजिम अख्तियारप्राप्त व्यक्ति वा सरोकारवाला बाहेक अन्यलाई दिनु हुँदैन।

१८. **<u>बाधा पुऱ्याएको नमानिने</u>:** समितिबाट स्वीकृत भई कुनै कर्जा सुरक्षण योजनामा क्षतिपूर्ति दाबी भुक्तानी सम्बन्धी छुट्टै व्यवस्था भएमा सोही बमोजिम गर्न यस विनियमावलीले बाधा पुऱ्याएको मानिने छैन।

तर, त्यस्तो कर्जा सुरक्षण योजनामा क्षतिपूर्ति दाबी भुक्तानी सम्बन्धी कुनै ब्यवस्था नभए यसै विनियमावली बमोजिम हुनेछ।

१९. **<u>बचाऊ</u>:** यो विनियमावली प्रारम्भ हुनुअघि क्षतिपूर्ति दाबी भुक्तानी सम्बन्धमा कोषबाट भए गरेका काम कारबाही यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

(विनियम ३ को उपविनियम (३) को खण्ड (क) सँग सम्बन्धित)

**<u>पहिलो किस्ताका लागि कागजातहरूको सूची</u>**

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष,
काठमाडौं।

विषयः <u>क्षतिपूर्ति दाबी भुक्तानी सम्बन्धी कागजातका सम्बन्धमा।</u>

कोष समक्ष क्षतिपूर्ति दाबी भुक्तानीको लागि कर्जा सुरक्षण नियमावली, २०७५ को अनुसूची-१४ बमोजिमको निवेदन साथ  देहाय बमोजिमका कागजात पेश गर्दछौंः-

१. क्षतिपूर्ति दाबी गरिएका कर्जाको ऋणीगत विवरण (अनुसूची-५ र कर्जा सुरक्षण नियमावली, २०७५ को अनुसूची-१५ बमोजिम)।

२. दाबी कर्जाको साँवा र ब्याज रकम चुक्ता भुक्तानी वा असुली भएको स्पष्ट देखिने खाता विवरण (Loan Ledger/Statement) को प्रमाणित प्रतिलिपि। (कर्जाको लगानी मितिदेखि दाबी मितिसम्म)

३. स्वीकृत कर्जा रकम ऋणीको खातामा जम्मा भएको साथै साँवा व्याज रकम असुली भएको देखिने खाता विवरण (Bank Statement) र ऋणीको सम्पत्ति दायित्वको सारांश विवरण (उदाहरणको रुपमा Customer Liability Report/Customer Position Summary/आदी)।

४. सदस्य संस्थाले ऋणीसँग गरेको ऋणको सम्झौतापत्रको प्रमाणित प्रतिलिपि।

५. कर्जा असुल गर्न प्रचलित कानून बमोजिम गर्नु पर्ने प्रक्रिया पूरा गरेको देखिने देहाय बमोजिमको विवरण तथा कागजातहरूः

   (क) कर्जा चुक्ता गर्न ऋणी तथा जमानतकर्तालाई कम्तीमा एक पटक प्रकाशित सार्वजनिक सूचनाको प्रमाणित प्रतिलिपि, (सार्वजनिक सूचना स्थानीयस्तरको वा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित भएको वा घरदैलो/सार्वजनिक स्थल/सम्बन्धित वडा कार्यालयमा टाँस गरिएको मुचुल्का),

   (ख) चल अचल सम्पत्ति धितो भएको कर्जाको हकमा धितो लिलाम बिक्रीको लागि प्रकाशित सूचनाको प्रमाणित प्रतिलिपि वा धितोको सम्पत्ति हराएको, मासिएको वा हिनामिना भएको भए सो पुष्टि हुने कागजातको प्रमाणित प्रतिलिपि।

६. कर्जा लगानी भएको **व्यवसायको वित्तीय अवस्था र कर्जा असुली हुन नसकेको कारण** समेत खुलेको सम्बन्धित सदस्य संस्थाको निरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि। (कर्जा तिर्ने वा बुझाउने सम्बन्धी प्रकाशित सार्वजनिक सूचनाको म्याद पश्चातको निरीक्षण प्रतिवेदन)

७. सदस्य संस्थाको अद्यावधिक कर्जा लगानी तथा कर्जा असुली सम्बन्धी विनियमावली वा नीति। (यदि अद्यावधिक विनियमावली वा नीति पहिले पेश गरेको नभएमा वा पेश भएकोमा संशोधन भएको भएमा)

८. अनुसूची-३ बमोजिमको स्वःघोषणा र प्रतिबद्धताको कागज।

९. कोषले माग गरेको अन्य विवरण तथा कागजात
।

सदस्य संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्तिकोः—

दस्तखतः

नामः

पदः

ठेगानाः

छापः

## अनुसूची-२

(विनियम ३ को उपविनियम (३) को खण्ड (क) सँग सम्बन्धित)

**भुक्तानी म्याद अघि दाबीका लागि कागजातहरूको सूची**

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष,
काठमाडौं।

विषयः क्षतिपूर्ति दाबी भुक्तानी सम्बन्धी कागजातका सम्बन्धमा।

कोष समक्ष क्षतिपूर्ति दाबी भुक्तानीको लागि कर्जा सुरक्षण नियमावली, २०७५ को अनुसूची-१४ बमोजिमको निवेदन साथ देहाय बमोजिमका कागजात पेश गर्दछौंः-

१. क्षतिपूर्ति दाबी गरिएका कर्जाको ऋणीगत विवरण (अनुसूची-५ र कर्जा सुरक्षण नियमावली, २०७५ को अनुसूची-१५ बमोजिम)।

२. दाबी कर्जाको साँवा र ब्याज रकम भुक्तानी वा असुली भएको स्पष्ट देखिने खाता विवरण (Loan Ledger/Statement) को प्रमाणित प्रतिलिपि। (कर्जाको लगानी मितिदेखि दाबी मितिसम्म)

३. स्वीकृत कर्जा रकम ऋणीको खातामा जम्मा भएको साथै साँवा व्याज रकम असुली भएको देखिने खाता विवरण (Bank Statement) र ऋणीको सम्पत्ति दायित्वको सारांश विवरण (उदाहरणको रुपमा Customer Liability Report/Customer Position Summary/आदी)।

४. सदस्य संस्थाले ऋणीसँग गरेको ऋणको सम्झौतापत्रको प्रमाणित प्रतिलिपि।

५. आवधिक प्रकृतिको कर्जाको हकमा कर्जा असुली तालिका (Repayment Schedule)।

६. प्राकृतिक प्रकोप परेको अवस्थामा प्राकृतिक प्रकोप परेको तथ्य सम्बन्धित प्रहरी कार्यालय वा स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित भएको कागजातको प्रमाणित प्रतिलिपि।

७. ऋणीको मृत्यु भएको अवस्थामा ऋणीको मृत्यु दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

८. निर्यात कर्जाको हकमा कच्चा पदार्थ आयात गर्दा वा तयारी बस्तु निर्यात गर्दा त्यस्तो वस्तु ढुवानी गर्ने सवारी साधन दुर्घटनामा परेको भन्ने प्रहरी प्रतिवेदन (Police Report) को प्रमाणित प्रतिलिपि।

९. कर्जा असुल गर्न प्रचलित कानून बमोजिम गर्नु पर्ने प्रक्रिया पूरा गरेको देखिने देहाय बमोजिमको विवरण कागजातहरूः

   (क) चल अचल सम्पत्ति धितो भएको कर्जाको हकमा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्तालाई कालोसूचीमा समावेश गरेको कागजातको प्रमाणित प्रतिलिपि।

(ख) चल अचल सम्पत्ति धितो भएको कर्जाको हकमा धितो लिलाम बिक्रीका लागि प्रकाशित सूचनाको प्रमाणित प्रतिलिपि वा धितोको सम्पत्ति हराएको, मासिएको वा हिनामिना भएको भए सो पुष्टि हुने कागजातको प्रमाणित प्रतिलिपि।

१०. कर्जा लगानी भएको व्यवसायको वित्तीय अवस्था र कर्जा असुली हुन नसकेको कारण समेत खुलेको सम्बन्धित सदस्य संस्थाको निरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि। (ऋणीको मृत्यु, परीयोजना नष्ट, निर्यात कर्जाको हकमा सवारी साधन दुर्घटना भएको मिति पश्चातको निरीक्षण प्रतिवेदन)

११. सदस्य संस्थाको अद्यावधिक कर्जा लगानी तथा कर्जा असुली सम्बन्धी विनियमावली वा नीति। (यदि अद्यावधिक विनियमावली वा नीति पहिले पेश गरेको नभएमा वा पेश भएकोमा संशोधन भएको भएमा)

१२. अनुसूची-४ बमोजिमको स्वःघोषणा र प्रतिबद्धताको कागज।

१३. कोषले माग गरेको  अन्य विवरण तथा कागजात।

सदस्य संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्तिकोः—

दस्तखतः

नामः

पदः

ठेगानाः

छापः

## अनुसूची-३

(विनियम ३ को उपविनियम (३) को खण्ड (ख) सँग सम्बन्धित)

**<u>पहिलो किस्ताका लागि स्वःघोषणा र प्रतिबद्धता</u>**

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष,
काठमाडौं।

विषयः <u>क्षतिपूर्ति दाबी भुक्तानी सम्बन्धी स्वःघोषणा र प्रतिबद्धताका सम्बन्धमा।</u>

कर्जा सुरक्षण नियमावली, २०७५ बमोजिम त्यस कोष समक्ष क्षतिपूर्ति दाबी भुक्तानीका लागि नियमावलीको अनुसूची-१४ बमोजिमको निवेदनका साथ सुरक्षित कर्जाको क्षतिपूर्ति दाबी भुक्तानी विनियमावली, २०८१ को अनुसूची-१ बमोजिमको कागजातका साथसाथै देहाय बमोजिमका स्वःघोषणा तथा प्रतिबद्धता समेत गर्दछौंः-

(क) सदस्य संस्थाले कर्जा लगानी विनियमावली तथा राष्ट्र बैङ्कको निर्देशन लगायत प्रचलित कानून बमोजिम कर्जा लगानी गरेको हो।

(ख) सदस्य संस्थाले दाबी गरेका कर्जा कर्जा सुरक्षण नियमावली, २०७५ को अनुसूची-११ मा तोकिएको क्षेत्र तथा व्यवसाय बाहेकका अन्य क्षेत्र तथा प्रयोजनमा लगानी भएका छैनन्।

(ग) सदस्य संस्थाले क्षतिपूर्ति दाबी गर्दा कर्जाको अन्तिम भुक्तानी मितिसम्म असुल उपर हुन बाँकी रहेको साँवा र ब्याज रकम मात्र कोषसँग दाबी गरेको छ। अन्तिम भुक्तानी मिति अगावै दाबी गरेको हकमा दाबी मितिसम्म असुल उपर हुन बाँकी रहेको साँवा र ब्याज रकम मात्र कोषसँग दाबी गरेको छ।

(घ) सदस्य संस्थाले कोषसँग सुरक्षण गरेको कर्जाको अन्तिम भुक्तानी अवधि नाघेको मितिले दुई वर्षभित्रै कोषमा दाबी गरिएको छ।

(ङ) कर्जा लगानी भएको व्यवसायको वित्तीय अवस्था राम्रो नरहेको र कर्जा असुली हुन नसकेको व्यहोरा ठीक साँचो हो।

(च) सदस्य संस्थाले कर्जा लगानी र कर्जा असुली सम्बन्धी विनियमावली वा नीति, राष्ट्र बैङ्कको निर्देशन लगायत प्रचलित कानून बमोजिम कर्जा असुली सम्बन्धी प्रक्रिया निरन्तर गरेको छ।

(छ) सदस्य संस्थाले ऋणीको नाममा सदस्य संस्थामा रहेका अन्य सबै खाताको मौज्दातबाट कर्जा असुली गरेको छ।

(ज) सदस्य संस्थाले कोषबाट प्राप्त गरेको दाबी भुक्तानी बापतको रकमलाई कोषप्रतिको दायित्व सिर्जना हुने गरी छुट्टै खाता खडा गरी लेखाङ्कन गरिनेछ।

(ञ) कोषबाट अपलेखनको स्वीकृति प्राप्त भएको अवस्थामा बाहेकमा दाबी भुक्तानी प्राप्त रकमलाई ऋणीको खातामा समायोजन गरिने छैन।

(ट) धितो लिई लगानी गरेको कर्जाको हकमा प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गर्दा बिक्री नभएको ठीक साँचो हो।

(ठ) धितो लिई लगानी गरेको कर्जाको हकमा धितो लिलाम बिक्री सम्बन्धी कारबाही नरोकिएको र रोकिने छैन।

(ड) दाबी भुक्तानी प्राप्त भएको कर्जामध्ये आंशिक कर्जा असुल उपर भएमा असुल उपर भएको रकमको कोषले दाबी भुक्तानी दिँदा व्यहोरेको प्रतिशतले हुन आउने रकम र सम्पूर्ण कर्जा रकम असुल उपर भएमा दाबी भुक्तानी बापत प्राप्त भएको सम्पूर्ण रकम कर्जा असुल उपर भएको मितिले पैंतीस दिनभित्र कोषलाई फिर्ता गरिनेछ।

(ढ) सदस्य संस्थाले आफूले पूरा गर्नु पर्ने जिम्मेवारी पूरा नगरेको कारणबाट कुनै कर्जा असुल उपर हुन नसक्ने भएको देखिएमा त्यस्तो कर्जाको दाबी भुक्तानी बापत कोषले सदस्य संस्थालाई भुक्तानी गरेको दाबी रकम कोषले तोकेको अवधिभित्र कोषमा फिर्ता गरिनेछ।

(ण) कोषबाट दाबी भुक्तानी प्राप्त भएको कर्जाको धितोमा रहेको चल अचल सम्पत्ति सदस्य संस्थाले आफ्नो स्वामित्वमा लिएमा यसरी स्वामित्वमा लिएको मितिले पैंतीस दिनभित्र सो दाबी भुक्तानी बापत प्राप्त सम्पूर्ण रकम कोषलाई फिर्ता गरिनेछ।

(त) सदस्य संस्थाले दाबी भुक्तानी प्राप्त गरेको कर्जाको असुली कारबाही रोकिने छैन।

(थ) अन्तिम भुक्तानी म्याद अगाडि दाबी गरिएका कर्जा बाहेकको अन्य कर्जाको हकमा अन्तिम भुक्तानी मिति अगावै साँवा र व्याज समेत गरी कर्जा रकमको पच्चीस प्रतिशत असुली भएका छन्।

(द) किस्ताबन्दी रुपमा साँवा र व्याज असुल हुने गरी प्रवाह भएका कर्जा बाहेकका अन्य कर्जाको हकमा ऋणीबाट असुली भएको साँवा (Total Credit Sum of Loan Account) र व्याज समेत गरी कर्जा रकमको पच्चीस प्रतिशत असुली भएका छन्।

(ध) उल्लिखित प्रतिबद्धताको यकीनका लागि कोषको कर्मचारीले माग गरेको कागजात माग गरेको मितिले सात कार्यदिनभित्र उपलब्ध गराइनेछ।

(न) कोषबाट प्राप्त क्षतिपूर्ति दाबी सम्बन्धी विवरण कर्जा सुरक्षण नियमावली, २०७५ को अनुसूची-२० को ढाँचामा अध्यावधिक गरी राखेछौं।

(प) दाबीसाथ संलग्न कागजात तथा विवरण सदस्य संस्थासँग रहेको कागजात तथा विवरणसँग रुजु गरी यकीन गरिएको छ।

सदस्य संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्तिकोः—

दस्तखतः

नामः

पदः

ठेगानाः

छापः

## अनुसूची-४

(विनियम ३ को उपविनियम (३) को खण्ड (ख) सँग सम्बन्धित)

**भुक्तानी म्याद अघि दाबीका लागि स्वःघोषणा र प्रतिबद्धता**

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष,
काठमाडौं।

विषयः क्षतिपूर्ति दाबी भुक्तानी सम्बन्धी स्वःघोषणा र प्रतिबद्धताका सम्बन्धमा।

कर्जा सुरक्षण नियमावली, २०७५ बमोजिम त्यस कोष समक्ष क्षतिपूर्ति दाबी भुक्तानीका लागि नियमावलीको अनुसूची-१४ बमोजिमको निवेदनका साथ सुरक्षित कर्जाको क्षतिपूर्ति दाबी भुक्तानी विनियमावली, २०८१ को अनुसूची-२ बमोजिमको कागजातका साथसाथै देहाय बमोजिमका स्वःघोषणा तथा प्रतिबद्धता समेत गर्दछौंः-

(क) सदस्य संस्थाबाट कर्जा लगानी विनियमावली तथा राष्ट्र बैङ्कको निर्देशन लगायत प्रचलित कानून बमोजिम कर्जा लगानी गरिएको थियो।

(ख) सदस्य संस्थाले दाबी गरेका कर्जा कर्जा सुरक्षण नियमावली, २०७५ को अनुसूची-११ मा तोकिएको क्षेत्र तथा व्यवसाय बाहेकका अन्य क्षेत्र तथा प्रयोजनमा लगानी गरेको छैन।

(ग) प्राकृतिक प्रकोप परी परियोजना नष्ट भएको व्यहोरा ठीक साँचो हो। (यदि सो भएको अवस्थामा)

(घ) ऋणीको मृत्यु भएको व्यहोरा ठीक साँचो हो। (यदि सो भएको अवस्थामा)

(ङ) निर्यात कर्जाको हकमा कच्चा पदार्थ आयात गर्दा वा तयारी वस्तु निर्यात गर्दा त्यस्तो वस्तु ढुवानी गर्ने सवारी साधन दुर्घटना भएको ठीक साँचो हो। (यदि सो भएको अवस्थामा)

(च) धितो लिई लगानी गरेको कर्जाको हकमा ऋणीको किस्ता रकम भुक्तानी म्यादबाट (Installment due date) छ महिनाभन्दा बढीले बाँकी रहेको ठीक साँचो हो। त्यस्तो कर्जा दुरुपयोग भएको छैन।

(छ) सदस्य संस्थाले क्षतिपूर्ति दाबी गर्दा कर्जाको अन्तिम भुक्तानी मितिसम्म असुल उपर हुन बाँकी रहेको साँवा र ब्याज रकम मात्र कोषसँग दाबी गरेको छ। अन्तिम भुक्तानी मिति अगावै दाबी गरेको हकमा दाबी मितिसम्म असुल उपर हुन बाँकी रहेको साँवा र ब्याज रकम मात्र कोषसँग दाबी गरेको छ।

(ज) कर्जा लगानी भएको व्यवसायको वित्तीय अवस्था राम्रो नरहेको र कर्जा असुली हुन नसकेको व्यहोरा ठीक साँचो हो।

(झ) सदस्य संस्थाले कर्जा लगानी र कर्जा असुली सम्बन्धी विनियमावली वा नीति, राष्ट्र बैङ्कको निर्देशन लगायत प्रचलित कानून बमोजिम कर्जा असुली सम्बन्धी प्रक्रिया निरन्तर गरिएको छ।

(ञ) सदस्य संस्थाले ऋणीको नाममा सदस्य संस्थामा रहेका अन्य सबै खाताको मौज्दातबाट कर्जा असुली गरिएको छ।

(ट) सदस्य संस्थाले कोषबाट प्राप्त गरेको दाबी भुक्तानी बापतको रकमलाई कोषप्रतिको दायित्व सिर्जना हुने गरी छुट्टै खाता खडा गरी लेखाङ्कन गर्ने प्रतिबद्धता गर्दछ।

(ठ) कोषबाट अपलेखनको स्वीकृति प्राप्त भएको अवस्थामा बाहेक दाबी भुक्तानी प्राप्त रकमलाई ऋणीको खातामा समायोजन नगर्ने प्रतिबद्धता गर्दछ।

(ढ) धितो लिई लगानी गरेको कर्जाको हकमा प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गर्दा बिक्री नभएको ठीक साँचो हो।

(ण) धितो लिई लगानी गरेको कर्जाको हकमा धितो लिलामी बिक्री सम्बन्धी कारबाही नरोकिएको र रोकिने छैन।

(त) दाबी भुक्तानी प्राप्त भएको कर्जामध्ये आंशिक कर्जा असुल उपर भएमा असुल उपर भएको रकमको कोषले दाबी भुक्तानी दिँदा व्यहोरेको प्रतिशतले हुन आउने रकम र सम्पूर्ण कर्जा रकम असुल उपर भएमा दाबी भुक्तानी बापत प्राप्त भएको सम्पूर्ण रकम कर्जा असुल उपर भएको मितिले पैंतीस दिनभित्र कोषलाई फिर्ता गरिनेछ।

(थ) सदस्य संस्थाले आफूले पूरा गर्नु पर्ने जिम्मेवारी पूरा नगरेको कारणबाट कुनै कर्जा असुल उपर हुन नसक्ने भएको देखिएमा त्यस्तो कर्जाको दाबी भुक्तानी बापत कोषले सदस्य संस्थालाई भुक्तानी गरेको दाबी रकम कोषले तोकेको अवधिभित्र कोषमा फिर्ता गरिनेछ।

(द) कोषबाट दाबी भुक्तानी प्राप्त भएको कर्जाको धितोमा रहेको चल अचल सम्पत्ति सदस्य संस्थाले आफ्नो स्वामित्वमा लिएमा यसरी स्वामित्वमा लिएको मितिले पैंतीस दिनभित्र सो दाबी भुक्तानी बापत प्राप्त सम्पूर्ण रकम कोषलाई फिर्ता गरिनेछ।

(ध) सदस्य संस्थाले दाबी भुक्तानी प्राप्त गरेको कर्जाको असुली कारबाही रोकिने छैन।

(न) उल्लिखित प्रतिबद्धताको यकीनका लागि कोषबाट कर्मचारीले माग गरेको कागजात माग गरेको मितिले बढीमा सात कार्यदिनभित्र उपलब्ध गराइनेछ।

(प) कोषबाट प्राप्त क्षतिपूर्ति दाबी सम्बन्धी विवरण कर्जा सुरक्षण नियमावली, २०७५ को अनुसूची-२० को ढाँचामा अध्यावधिक गरी राखिनेछ।

(फ) दाबीसाथ संलग्न कागजात तथा विवरण सदस्य संस्थासँग रहेको कागजात तथा विवरणसँग रुजु गरी यकीन गरिएको छ।

सदस्य संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्तिको:—
दस्तखत:
नाम:
पद:
ठेगाना:
छाप:

## अनुसूची-५

(विनियम ३ को उपविनियम (३) को खण्ड (ग) सँग सम्बन्धित)

## निक्षेप तथा कर्जा सुरक्षण कोष

**सदस्य संख्या ..............................**

**दाबी कर्जाको विवरण**

दाबी मितिः- ........................................ सुरक्षण कार्यक्रम (MF/AG/SME/SUBSIDY):-……….

| क.स. | कर्जा नम्बर | ऋणीको नाम, थर | कर्जा लगानी | | कर्जाको अन्तिम भुक्तानी मिति | कर्जाको व्याजदर | | अन्तिम पटक साँवा असुली भएको मिति | कर्जा लगानी मिति पश्चात अन्तिम पटक साँवा भुक्तानी मितिसम्म असुली रकम | | | अन्तिम पटक साँवा भुक्तानी मितिदेखि कर्जाको अन्तिम भुक्तानी मितिसम्म असुली भएको व्याज रकम | कर्जाको अन्तिम भुक्तानी मिति पश्चात असुली भएको सम्पूर्ण रकम (साँवा बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मिति | रकम | | दाबी मितिमा | अन्तिम भुक्तानी मितिमा | | साँवा | व्याज | जम्मा | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| २ | | | | | | | | | | | | | | |
| .. | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | |

नोटः

क. मर्जर, एक्युजिसन भएका संस्थाको हकमा मर्जर, एक्युजिसन भएका संस्थाहरुको नाम ठेगाना सहित एकीकृत कारोवार भएको मिति उल्लेख गर्नु पर्नेछ ।

ख. मर्जर, एक्युजिसन, शाखा स्थानान्तरण, सिस्टम माईग्रेशन वा अन्य कुनै कारणबाट ऋणीको कर्जा नं. परिवर्तन भएमा परिवर्तन हुनु अगाडिको कर्जा नं.हरु कैफियत महलमा जनाउनु पर्नेछ ।

| | |
|---|---|
| विवरण तयार गर्नेकोः | विवरण प्रमाणित गर्नेकोः |
| नाम, थरः | नाम, थरः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |

अनुसूची-६

(विनियम ५ को उपविनियम (१) सँग सम्बन्धित)

**निक्षेप तथा कर्जा सुरक्षण कोष**

**सदस्य संख्या ............................**

**दाबी साँवा व्याजको परीक्षण विवरण**

**दाबी मितिः- ............................** **कोषको दाबी नं............**

| क्र.सं. | कर्जा नं. | ऋणीको नाम | दाबी रकम | | | कर्जाको अन्तिम भुक्तानी गरेको मिति | अन्तिम पटक साँवा भुक्तानी गरेको मिति | व्याज गणना गर्न सकिने अवधि (दिनमा) | व्याज दर % | अन्तिम पटक साँवा भुक्तानी गरेको मिति देखि अन्तिम भुक्तनानी मितिसम्म हुने व्याज | अन्तिम पटक साँवा भुक्तानी गरेको मितिदेखि अन्तिम भुक्तानी मितिसम्म असुल भएको व्याज | दावी योग्य व्याज | व्याज कट्टि (अस्वीकृत) रकम (ऋणात्मक भएमा शुन्य गर्ने) | अन्य रकम (अन्तिम भुक्तानी मिति पछि सम्पूर्ण असुली, अन्य खाताको रकम)(साँवामा कट्टी गर्ने) | दावी कर्जाको सम्पूर्ण साँवा व्याज अस्वीकृत | जम्मा कट्टी (अस्वीकृत) रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | साँवा | व्याज | जम्मा | | | | | | | | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ |
| १ | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | |
| .. | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | |

**विवरण तयार गर्नेको**
**नाम थरः**
**पदः**
**दस्तखतः**

**विवरण रुजु गर्नेकोः**
**नाम, थरः**
**पदः**
**दस्तखतः**

**विवरण प्रमाणित गर्नेकोः**
**नाम, थरः**
**पदः**
**दस्तखतः**

**अनुसूची-७**

(विनियम ५ को उपविनियम (१) सँग सम्बन्धित)

**निक्षेप तथा कर्जा सुरक्षण कोष**

**सदस्य संस्था ............................**

दाबी हिसाब भुक्तानी विवरण (आन्तरिक प्रयोजनको लागि)

दाबी पत्र मितिः—..................... कोषको दाबी नं. .........

| क्र.सं. | कर्जा नं | ऋणीको नाम | दाबी रकम | | | दाबी कट्टी (अस्वीकृत) रकम | | | दाबीयोग्य रकम | दाबी स्वीकृत —— % | पहिलो किस्ता भुक्तानी ......... % | दोस्रो किस्ता भुक्तानी बाँकी रकम ......... % | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | साँवा | व्याज | जम्मा | साँवा | व्याज | जम्मा | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| .. | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | |

**विवरण तयार गर्नेको**
**नाम थरः**
**पदः**
**दस्तखतः**

**विवरण रुजु गर्नेकोः**
**नाम, थरः**
**पदः**
**दस्तखतः**

**विवरण प्रमाणित गर्नेकोः**
**नाम, थरः**
**पदः**
**दस्तखतः**

**अनुसूची-८***

(विनियम ५ को उपविनियम (१) सँग सम्बन्धित)

**टिप्पणी प्रतिवेदनको ढाँचा**

श्री शाखा प्रमुखज्यू /विभागीय प्रमुखज्यू,

..............................................................

विषयः क्षतिपूर्ति दाबी भुक्तानी दिने सम्बन्धमा।

निक्षेप तथा कर्जा सुरक्षण कोषको सदस्य संस्था ......................... बाट लघुवित्त तथा विपन्न वर्ग कर्जा/साना तथा मझौला उद्यम कर्जा/कृषि कर्जा/................ कर्जा लगानी भई विभिन्न कारणले असुल हुन नसकेका कर्जाको क्षतिपूर्ति दाबी भुक्तानीका लागि कर्जा सुरक्षण नियमावली, २०७५ तथा सुरक्षित कर्जाको क्षतिपूर्ति दाबी भुक्तानी विनियमावली, २०८१ को व्यवस्था बमोजिम विवरण तथा कागजात सहितको निवेदन कोषको कार्यालयमा प्राप्त भएको छ।

सदस्य संस्था र कोष बीच मिति २०.... । । मा भएको सम्झौता पश्चातको कारोबार देहाय बमोजिम रहेको छः-

| विवरण | गत त्रयमासको सुरक्षण रकम | पछिल्लो त्रयमाससम्ममा प्राप्त सुरक्षण शुल्क (अनुदान बाहेक) | गत आ.व. सम्ममा भुक्तानी गरेको पहिलो र दोस्रो किस्ताको कुल रकम | गत आ.व. सम्ममा कोषमा दाबी फिर्ता गरेको रकम | चालू आ.व. को गत त्रयमाससम्ममा कोषमा दाबी फिर्ता रकम | चालू आ.व. मा भुक्तानी गरेको पहिलो र दोस्रो किस्ताको कुल रकम |
|---|---|---|---|---|---|---|
| रकम रु. | | | | | | |

उपरोक्त निवेदन सहितको विवरण तथा कागजात कर्जा सुरक्षण नियमावली, २०७५ को नियम ४२ वा ४५ बमोजिम दाबी वा नियम ४६ बमोजिम पुनः दाबी वा नियम ४३ बमोजिम दोस्रो किस्ता भुक्तानी दाबीका लागि प्राप्त भएको हो। प्राप्त दाबी निवेदन साथ संलग्न कर्जा विवरण तथा सम्बद्ध कागजात कर्जा सुरक्षण नियमावली, २०७५ तथा सुरक्षित कर्जाको क्षतिपूर्ति दाबी भुक्तानी विनियमावली, २०८१ को व्यवस्था अनुकूल नदेखिएका कर्जा सुरक्षण नियमावली, २०७५ को नियम ४४ बमोजिम अस्वीकृत गरी बाँकी कर्जाको भुक्तानी दिनु पर्ने व्यवस्था सोही नियमावलीको नियम ४३ मा रहेको छ।

निवेदन साथ प्राप्त विवरण तथा कागजात अध्ययन गर्दा देखिएका कैफियतको व्यहोरा यसैसाथ संलग्न दाबी हिसाब विवरणमा उल्लेख गरिएको छ। उल्लिखित कैफियतका आधारमा अस्वीकृत हुने दाबी रकम कट्टीपश्चात बाँकी रकम भुक्तानीका लागि मनासिब देखिएकाले तपसीलको विवरण सहित स्वीकृतार्थ पेश गर्दछु।

| **विवरण** | **रकम रु.** |
|---|---|
| दाबी कर्जाको सङ्ख्या | |
| दाबीको साँवा रकम रु. | |
| दाबीको व्याज रकम रु. | |
| कुल दाबी रकम रु. (क) | |
| अस्वीकृत दाबी कर्जाको सङ्ख्या | |
| अस्वीकृत दाबी कर्जाको रकम रु. (साँवा र व्याज समेत) (ख) | |
| व्याज कट्टी रकम रु. (ग) | |
| अन्य कट्टी रकम रु. (घ) | |
| जम्मा कट्टी रकम रु. (ङ= ख+ ग+ घ) | |
| दाबीयोग्य रकम रु. (च= क - ङ) | |
| स्वीकृत हुनुपर्ने रकम रु. | |
| दाबी भुक्तानी रकम रु. (पहिलो किस्ता/दोस्रो किस्ता) | |
| भुक्तानी बाँकी रकम रु. | |

पेश गर्ने कर्मचारी
दस्तखत -
नाम/पद —
मिति -

सिफारिस गर्ने (अधिकृत/विभागीय प्रमुख)
श्री विभागीय प्रमुख / शाखा प्रमुख /
नायव प्रमुख कार्यकारी अधिकृतज्यू
राय -
दस्तखत -
नाम/पद-
मिति-

**<u>नायब प्रमुख कार्यकारी अधिकृत</u>**

श्री प्रमुख कार्यकारी अधिकृतज्यू,

राय- .......................................................................................................................

दस्तखत -

मिति —

**<u>प्रमुख कार्यकारी अधिकृत</u>**

स्वीकृत/अस्वीकृतको व्यहोरा - ..........................................................................................

दस्तखत -

मिति —

***(* पृथक विषयवस्तु वा अवस्था रहेमा प्रमुख कार्यकारी अधिकृतले यो अनुसूचीमा आवश्यक हेरफेर सहित प्रयोग गर्न सक्नेछ।)***

## अनुसूची-९

(विनियम ६ को उपविनियम (१) सँग सम्बन्धित)

**<u>दोस्रो किस्ताको रकम माग गर्ने निवेदनको ढाँचा</u>**

पत्र सङ्ख्याः                                                                                   मितिः

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष,
काठमाडौं।

**विषयः <u>दोस्रो किस्ताको रकम माग सम्बन्धमा।</u>**

त्यस कोषको मिति ............................ को दाबी नं. .................... बाट स्वीकृत दाबी कर्जामध्ये कर्जा सङ्ख्या .................... को भुक्तानी बाँकी दोस्रो किस्ताको रकम रु. .......................... (अक्षरेपी ...................... ) उपलब्ध गराईदिनुहुन देहाय बमोजिमको कागजात तथा विवरण संलग्न गरी यो निवेदन पेश गरेको छुः-

**<u>संलग्न कागजात तथा विवरण</u>**

क) दोस्रो किस्ताको रकम माग फारम,
ख) अनुसूची-८ बमोजिमको कागजात,
ग) अनुसूची-१० बमोजिमको प्रतिबद्धतापत्र।

सदस्य संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्तिकोः—

दस्तखतः
नामः
पदः
ठेगानाः
छापः

## अनुसूची-१०

(विनियम ६ को उपविनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

**<u>दोस्रो किस्ताका लागि कागजातहरूको सूची</u>**

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष,
काठमाडौं।

विषयः <u>क्षतिपूर्ति दाबी भुक्तानी सम्बन्धी कागजातका सम्बन्धमा।</u>

कर्जा सुरक्षण नियमावली, २०७५ बमोजिम त्यस कोष समक्ष क्षतिपूर्ति दाबी भुक्तानीका लागि नियमावलीको अनुसूची-१४ बमोजिमको निवेदनका साथसाथै देहाय बमोजिमका कागजात पेश गर्दछौंः- कोष समक्ष क्षतिपूर्ति दाबी भुक्तानीको लागि सुरक्षित कर्जाको क्षतिपूर्ति दाबी भुक्तानी विनियमावली, २०८१ को अनुसूची-९ बमोजिमको निवेदन साथ देहाय बमोजिमका कागजात पेश गर्दछौंः-

१. क्षतिपूर्ति दाबी गरिएका कर्जाको ऋणीगत विवरण (अनुसूची-५) र बाह्य लेखापरीक्षकद्वारा प्रमाणित माग फाराम (अनुसूची-१२)।

२. दाबी कर्जाको साँवा र ब्याज रकम चुक्ता भुक्तानी वा असुली भएको स्पष्ट देखिने खाता विवरण (Loan Ledger/Statement) को प्रमाणित प्रतिलिपि। (पहिलो किस्ता दाबीको मितिदेखि दोस्रो किस्ता दाबी मितिसम्म)

३. चल अचल सम्पत्ति धितो भएको कर्जाको हकमा धितो लिलाम बिक्री सम्बन्धी मुचुल्काको प्रमाणित प्रतिलिपि वा धितोको सम्पत्ति हराएको, मासिएको वा हिनामिना भएको भए सो पुष्टि हुने कागजातको प्रमाणित प्रतिलिपि।

४. प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्तालाई कालोसूचीमा समावेश गरेको कागजातको प्रमाणित प्रतिलिपि। प्रचलित कानून बमोजिम ऋणी तथा सम्बन्धित पक्षलाई कालोसूचीमा समावेश गर्नु नपर्ने कुनै खास अवस्था वा कारण भए सदस्य संस्थाको आन्तरिक लेखापरीक्षकबाट त्यस्तो खास अवस्था वा कारण स्पष्ट किटान भएको निर्णयको प्रमाणित प्रतिलिपि।

५. पहिलो किस्ता दाबी मितिले दुई वर्षभित्र गर्नु पर्नेमा अदालत वा ऋण असुली न्यायाधिकरण समक्ष धितो लिलाम वा कर्जा असुली सम्बन्धी मुद्दा विचाराधीन भई दुई वर्षभित्र दाबी हुन नसकेको अवस्थामा त्यस्तो मुद्दामा अन्तिम फैसला भई सो फैसला कार्यान्वयनका लागि

सम्बन्धित अदालत वा ऋण असुली न्यायाधिकरण समक्ष निवेदन पेश गरेको मितिले नब्बे दिनभित्रै दाबी भएको पुष्टि हुने कागजातको प्रमाणित प्रतिलिपि।

६. अनुसूची-११ बमोजिमको स्वःघोषणा र प्रतिबद्धताको कागज।

७. कोषले माग गरेका अन्य विवरण तथा कागजात

सदस्य संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्तिकोः—

दस्तखतः

नामः

पदः

ठेगानाः

छापः

## अनुसूची-११

(विनियम ६ को उपविनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

**<u>दोस्रो किस्ताका लागि स्वःघोषणा र प्रतिबद्धता</u>**

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष,
काठमाडौं।

विषयः <u>क्षतिपूर्ति दाबी भुक्तानी सम्बन्धी स्वःघोषणा र प्रतिबद्धताका सम्बन्धमा।</u>

कर्जा सुरक्षण नियमावली, २०७५ बमोजिम त्यस कोष समक्ष क्षतिपूर्ति दाबी भुक्तानीका लागि नियमावलीको अनुसूची-१४ बमोजिमको निवेदनका साथ सुरक्षित कर्जाको क्षतिपूर्ति दाबी भुक्तानी विनियमावली, २०८१ को अनुसूची-१० बमोजिमको कागजातका साथसाथै देहाय बमोजिमका स्वःघोषणा तथा प्रतिबद्धता समेत गर्दछौं।

(क) कोषबाट स्वीकृत दाबी कर्जा रकममा पहिलो किस्ता भुक्तानी प्राप्ति पश्चातको बाँकी रकम मात्र दोस्रो किस्ता दाबी गरिएको छ।

(ख) सदस्य संस्थाले कर्जा लगानी र कर्जा असुली सम्बन्धी विनियमावली वा नीति, राष्ट्र बैङ्कको निर्देशन लगायत प्रचलित कानून बमोजिम कर्जा असुली सम्बन्धी प्रक्रिया निरन्तर गरिएको छ।

(ग) सदस्य संस्थाले ऋणीको नाममा सदस्य संस्थामा रहेका अन्य सबै खाताको मौज्दातबाट कर्जा असुली गरिएको छ।

(घ) प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्तालाई कालोसूचीमा राख्ने सम्बन्धी प्रक्रिया पूरा भएको छ।

(ङ) कर्जा असुली गर्न प्रचलित कानून बमोजिम सम्पूर्ण प्रक्रिया पूरा गरेको तर असुल उपर हुन नसकेको भनी बाह्य लेखापरीक्षकले प्रमाणित गरिदिएको छ।

(च) सदस्य संस्थाले पहिलो किस्ता दाबी भुक्तानी भएको मितिले दुई वर्षभित्रै दोस्रो किस्ता दाबी गरेको छ।

(छ) पहिलो किस्ता दाबी मितिले दुई वर्षभित्र गर्नु पर्नेमा अदालत वा ऋण असुली न्यायाधिकरण समक्ष धितो लिलाम वा कर्जा असुली सम्बन्धी मुद्दा विचाराधीन भई दुई वर्षभित्र दाबी हुन नसकेको अवस्थामा त्यस्तो मुद्दामा अन्तिम फैसला भई सो फैसला कार्यान्वयनका लागि सम्बन्धित अदालत वा ऋण असुली न्यायाधिकरण समक्ष निवेदन पेश गरेको मितिले नब्बे दिनभित्रै दाबी भएको छ।

(ज) सदस्य संस्थाले कोषबाट प्राप्त गरेको दाबी भुक्तानी बापतको रकमलाई कोषप्रतिको दायित्व सिर्जना हुने गरी छुट्टै खाता खडा गरी लेखाङ्कन गरिनेछ।

(झ) कोषबाट अपलेखनको स्वीकृति प्राप्त भएको अवस्थामा बाहेक दाबी भुक्तानी प्राप्त रकमलाई ऋणीको खातामा समायोजन गरिने छैन।

(ञ) धितो भएको कर्जाको हकमा प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गर्दा बिक्री नभएको ठीक साँचो हो।

(ट) धितो लिई लगानी गरेको कर्जाको हकमा धितो लिलामी बिक्री सम्बन्धी कारबाही नरोकिएको र रोकिने छैन।

(ठ) दाबी भुक्तानी प्राप्त भएको कर्जामध्ये आंशिक कर्जा असुल उपर भएमा असुल उपर भएको रकमको कोषले दाबी भुक्तानी दिँदा व्यहोरेको प्रतिशतले हुन आउने रकम र सम्पूर्ण कर्जा रकम असुल उपर भएमा दाबी भुक्तानी बापत प्राप्त भएको सम्पूर्ण रकम कर्जा असुल उपर भएको मितिले पैंतीस दिनभित्र कोषलाई फिर्ता गरिनेछ।

(ड) सदस्य संस्थाले आफूले पूरा गर्नु पर्ने जिम्मेवारी पूरा नगरेको कारणबाट कुनै कर्जा असुल उपर हुन नसक्ने भएको देखिएमा त्यस्तो कर्जाको दाबी भुक्तानी बापत कोषले सदस्य संस्थालाई भुक्तानी गरेको दाबी रकम कोषले तोकेको अवधिभित्र कोषमा फिर्ता गरिनेछ। (ढ) कोषबाट दाबी भुक्तानी प्राप्त भएको कर्जाको धितोमा रहेको चल अचल सम्पत्ति सदस्य संस्थाले आफ्नो स्वामित्वमा लिएमा यसरी स्वामित्वमा लिएको मितिले पैंतीस दिनभित्र सो दाबी भुक्तानी बापत प्राप्त सम्पूर्ण रकम कोषलाई फिर्ता गरिनेछ।

(ण) सदस्य संस्थाले दाबी भुक्तानी प्राप्त गरेको कर्जाको असुली कारबाही रोकिने छैन।

(त) उल्लिखित प्रतिबद्धताको यकीनका लागि कोषबाट कर्मचारीले माग गरेको कागजात माग गरेको मितिले बढीमा सात कार्यदिनभित्र उपलब्ध गराइनेछ।

(थ) कोषबाट प्राप्त क्षतिपूर्ति दाबी सम्बन्धी विवरण कर्जा सुरक्षण नियमावली, २०७५ को अनुसूची-२० को ढाँचामा अध्यावधिक गरी राखिनेछ।

(द) दाबीसाथ संलग्न कागजात तथा विवरण सदस्य संस्थासँग रहेको कागजात तथा विवरणसँग रुजु गरी यकीन गरिएको छ।

सदस्य संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्तिकोः—

दस्तखतः

नामः

पदः

ठेगानाः

छापः

## अनुसूची-१२

(विनियम ६ को उपविनियम (१) को खण्ड (ग) सँग सम्बन्धित)

**निक्षेप तथा कर्जा सुरक्षण कोष**

**सदस्य संस्था ............................**

**दोस्रो किस्ताको रकम माग फारम**

| क.सं. | कर्जा नं. | ऋणीको नाम, थर | दाबी रकम | | | दावी स्वीकृत रकम | भुक्तानी प्राप्त रकम (पहिलो किस्ता) | | | प्राप्त हुन बाँकी रकम (दोस्रो किस्ता) | हालको बाँकी साँवा रकम | दावी पश्चातको कुल असुली (साँवा/ व्याज/ अन्य) | कोषलाई फिर्ता गरेको रकम | | | | | कर्जा सूचना केन्द्रको कालो सूचीको विवरण | | धितो लिलामी को अवस्था | कैफि. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | साँवा | व्याज | जम्मा | | दाबी नं | मिति | रकम | | | | मिति | रकम | मिति | रकम | कुल जम्मा | सूची नं | मिति | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ |
| १ | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | |
| .. | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | | | | |

विवरण तयार गर्ने अधिकारीको,-

नाम थरः

पदः

दस्तखतः

उपरोक्त बमोजिमको कर्जा असुल गर्ने सदस्य संस्थाले प्रचलित कानून बमोजिम सम्पूर्ण प्रकिया पूरा गरेको तर असुल उपर हुन नसकेको व्यहोरा सहित विवरण प्रमाणित गर्ने,-

बाह्य लेखारीक्षकको नाम थरः

दस्तखतः

UDIN No.:

छापः

अनुसूची-१३

(विनियम ६ को उपविनियम (२) सम्बन्धित)

निक्षेप तथा कर्जा सुरक्षण कोष

सदस्य संस्था ..............................

दोस्रो किस्ताको रकम भुक्तानी विवरण

| क.सं. | कर्जा नं | ऋणीको नाम थर | दावी स्वीकृत रकम | भुक्तानी प्राप्त रकम (पहिलो किस्ता) | | | दोस्रो किस्ताको रकम | कट्टी रकम | खूद भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दावी नं | मिति | रकम | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| .. | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

**अनुसूची-१४**

(विनियम १३ को उपविनियम (१) सँग सम्बन्धित)

**<u>पुनः दाबी निवेदनको ढाँचा</u>**

पत्र सङ्ख्याः मितिः

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष,
काठमाडौं।

**विषयः <u>पुनः दाबी सम्बन्धमा।</u>**

त्यस कोषको मिति ............................ को दाबी नं. ....................को अस्वीकृत दाबी कर्जामध्ये देहाय बमोजिमको कर्जा अस्वीकृत हुनु नपर्ने हुदाँ सोको कारण समेत पुष्ट्याँई हुने विवरण तथा कागजात संलग्न गरी देहाय बमोजिमको कर्जा सङ्ख्या .................... रकम रु. .......................... (अक्षरेपी ...................... ) को भुक्तानी पाउन यो निवेदन पेश गरेको छु।

**<u>संलग्न कागजात तथा विवरण</u>**

| क्र. सं. | कर्जा नं. | ऋणीको नाम थर | दाबीको साँवा रकम | दाबीको व्याज रकम | कोषबाट अस्वीकृत हुनाको कारण | सदस्य संस्थाले पेश गरेको अस्वीकृत हुन नपर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ... | | | | | | | |
| जम्मा | | | | | | | |

सदस्य संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्तिकोः—

दस्तखतः

नामः

पदः

ठेगानाः

छापः